नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

बबरमहल, काठमाडौं

# मोबाइल खाद्य प्रयोगशाला भ्यानबाट संयुक्त निरीक्षण अनुगमन सम्बन्धी विवरण

मितिः२०८३/०६/२७

यस खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र काठमाडौं डिभिजनको संयुक्त अनुगमन टोलीले मिति २०८३/०६/२५ र २०८३/०६/२६ गते मोबाइल खाद्य प्रयोगशाला भ्यानबाट धादिङ्ग र चितवन स्थित हाईवे होटल रेष्टुरेन्टहरुको अनुगमन/निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तालिकामा उल्लेख भए अनुसारको काम कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | खाद्य व्यवसायको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १ | साधु मिष्ठान्न मारवाडी शाकाहारी होटल, इच्छाकामना-५, मुग्लिङ, चितवन | • अखाद्य रङ्गको प्रयोग गरी जेरी तारेको पाइयो,<br>• हाइड्रो बोतल किचन परिसरमा पाइयो,<br>• तेलको TPM मापन गर्दा १६ भई मापदण्ड अनुकुल रहेको पाइयो। | • **एक के.जी जेरी जफत गरि नष्ट गरियो,**<br>• हाइड्रो जफत गरि नष्ट गरियो,<br>• अखाद्य रङ्ग जफत गरि नष्ट गरियो,<br>• मोबाइल भ्यानको प्रयोगशालामा पेडाको नमूनामा स्टार्च परिक्षण गर्दा मापदण्ड अनुकुल पाईयो। |
| २ | होटल वैष्णव मुग्लिङ, इच्छाकामना-५, चितवन | • सरसफाईको अवस्था सामान्य रहेको पाइयो,<br>• तेलको TPM मापन गर्दा २६.५ भई मापदण्ड प्रतिकुल पाइयो। | • **मापदण्ड अनुकुल नभएकाले १ लिटर तेल नष्ट गरियो,**<br>• थप अनुसन्धान र प्रयोगशाला परिक्षण गर्नको लागि २ थान पानीको नमूना संकलन गरियो। |

| | | | |
|---|---|---|---|
| ३ | ट्रान्जिट हाउस रेष्टुरेन्ट प्रा.लि., धुनिबेसी-९, धादिङ्ग | • म्याद गुज्रेका मिरिन्डा ४०० मि.लि. (उत्पादन मितिः १७-०४-२०२६ र उपभोग्य मितिः ४ महिना) भएको ५० थान र माउन्टेन डिउ २५० मि.लि. (उत्पादन मितिः ०६-०६-२०२६ र उपभोग्य मितिः ४ महिना) भएको ४ थान पाइयो,<br>• बिक्रि कक्ष तथा भण्डारणको सरसफाई सन्तोषजनक रहेको पाइयो,<br>• Frying oil को TPM भ्यालु ११% भई मापदण्ड अनुकुल पाइयो। | • **मिरिन्डा ४०० मि.लि.को ५० थान र माउन्टेन डिउ २५० मि.लि.को ४ थान नष्ट गरियो,**<br>• लेबल विवरण नभएको र खाद्य अनुमतिपत्र नलिएको खाद्य पदार्थको खरिद, बिक्रिवितरण तथा प्रयोग नगर्न,<br>• तयारी खाद्य पदार्थलाई सधै छोपेर मात्र भण्डारण गर्न,<br>• खाद्य पदार्थ भण्डारण गर्दा पहिचान पद्दति कायम हुने गरी व्यवस्था मिलाउन। |
| ४ | गुरुङ्ग रेष्टुरेन्ट एण्ड मल्टिप्लाई बिजनेस प्रा.लि. सिधेखोला, धादिङ्ग | • सरसफाईको अवस्था सन्तोषजनक भएको पाइयो,<br>• भान्सामा कृतिम खाद्य रङ १०० ग्रामको ४ थान रहेको पाइयो। | • **कृतिम खाद्य रङ नष्ट गरियो,**<br>• भान्सामा भएको फोहोरदानिलाई ढक्कन लगाई व्यवस्थीत बनाउने,<br>• तयारी खाद्य पदार्थको भण्डारण गर्दा काँचो र पाकेको साथै शाकाहारी र मांशाहारी अलग अलग राख्ने,<br>• तयारी खाद्य पदार्थ सबै छोपेर राख्ने। |
| ५ | सागर होटल, भरतपुर-२९, चितवन | • सरसफाईको अवस्था सामान्य रहेको पाइयो,<br>• भित्ता तथा भुंइको ढलान फुटेको अवस्थामा रहेको पाइयो,<br>• म्याद गुज्रेको चिजबल तथा पेय पदार्थ पाइयो। | • **५५ ग्रामको ७४ थान चिजबल र १ लि. को २ थान पेय पदार्थ** (CAMPA Cola 11) म्याद गुज्रेको अवस्थामा पाइएकोले जफत गरि नष्ट गरियो।<br>• भित्ता तथा भुंइको ढलान कार्य तथा टायलको व्यवस्था गर्न निर्देशन दिइयो,<br>• उचित तरिकाले फ्रिजको व्यवस्थापन गर्न निर्देशन दिइयो,<br>• भान्सामा काम गर्ने कामदारलाई क्याप, मास्क तथा एप्रोनको व्यवस्था गर्न,<br>• खाद्य स्वच्छता कायम गर्ने निर्देशन दिइयो।<br>। |

| | | | |
|---|---|---|---|
| ६ | नमस्ते खाजाघर, भरतपुर-२९, सुविधानगर, चितवन | • म्याद गुज्रेको कुरकुरे १७ वटा, लेज ३२ थान फेला परेको,<br>• सरसफाईको अवस्था सामान्य रहेको पाइयो। | • **कुरकुरे १७ वटा, लेज ३२ थान नष्ट गरियो,**<br>• कीट नियन्त्रणको प्रभावकारी रुपमा कार्यान्वयन गर्न,<br>• पुर्ण लेबल विवरण भएका खाद्य पदार्थ मात्र खरिद, बिक्रिवितरण तथा प्रयोग गर्न। |
| ७ | त्रिमुर्ती खाजा घर, इच्छाकामना-५, मुग्लिङ, चितवन | • सरसफाईको अवस्था सामान्य रहेको पाइयो,<br>• पुरी पकाउने तेलको TPM मापन गर्दा ३४.० भई मापदण्ड प्रतिकुल पाइयो। | • भान्सामा काम गर्ने कामदारलाई क्याप, मास्क तथा एप्रोनको व्यवस्था गर्न,<br>• मापदण्ड अनुकुल नभएकाले २ लिटर तेल नष्ट गरियो,<br>• पूर्ण लेबल विवरण नभएको र खाद्य अनुमतिपत्र नलिएको खाद्य पदार्थको खरिद, बिक्रिवितरण तथा प्रयोग नगर्न। |
| ८ | न्यु भागिरथ मारवाडी भोजनालय, इच्छाकामना-५, मुग्लिङ, चितवन | • सरसफाईको अवस्था सामान्य रहेको पाइयो। | • रासायनिक पदार्थहरु जस्तैः cleaning agent, insect killer लगायतको सामाग्रीहरुलाई खाद्य पदार्थमा सक्रमण नहुने गरी अलग्गै भण्डारण गर्न,<br>• तयारी खाद्य पदार्थहरु छोपेर भण्डारण गर्न,<br>• भान्सामा काम गर्ने कामदारलाई क्याप, मास्क तथा एप्रोनको व्यवस्था गर्न,<br>• पूर्ण लेबल विवरण नभएको र खाद्य अनुमतिपत्र नलिएको खाद्य पदार्थको खरिद तथा बिक्रिवितरण नगर्न। |
| ९ | न्यु रामायण होटल मरवाडी शुद्ध शाकाहारी भोजनालय, इच्छाकामना-५, मुग्लिङ, चितवन | • फ्रिजको सरसफाईको अवस्था सन्तोषजनक नभएको पाइयो,<br>• अन्य सरसफाई सन्तोषजनक पाइयो। | • भान्सामा काम गर्ने कामदारलाई क्याप, मास्क तथा एप्रोनको व्यवस्था गर्न,<br>• कामदारको व्यक्तिगत सरसफाईमा विशेष ध्यान दिन।<br>• तार्न प्रयोग गर्ने तेलको गुणस्तर सुनिश्चित गर्न एक एटक मात्र प्रयोग गर्न,<br>• पूर्ण लेबल विवरण नभएको र खाद्य अनुमतिपत्र नलिएको खाद्य पदार्थको खरिद, बिक्रिवितरण तथा प्रयोग नगर्न। |

| | | | |
|---|---|---|---|
| १० | भागीरथ होटल, इच्छाकामना-५, मुग्लिङ, चितवन | • फ्रिजमा खाद्य पदार्थ नछोपी भण्डारण गरेको पाइयो,<br>• सरसफाई सन्तोषजनक पाइयो। | • खाद्य पदार्थ भण्डारण गर्दा सधै छोपेर राख्न,<br>• भान्सामा काम गर्ने कामदारलाई क्याप, मास्क तथा एप्रोनको व्यवस्था गर्न,<br>• तार्न प्रयोग गर्ने तेलको गुणस्तर सुनिश्चित गर्न एक एटक मात्र प्रयोग गर्न,<br>• पूर्ण लेबल विवरण नभएको र खाद्य अनुमतिपत्र नलिएको खाद्य पदार्थको खरिद, बिक्रिवितरण तथा प्रयोग नगर्न। |
| ११ | हिरालाल फलफुल पसल, धुनिबेसी-९, धादिङ्ग | • पानीपुरीमा मुलको पानी प्रयोग गरेको पाइयो। | • पानीपुरीको झोल बनाउन पिउन योग्य स्वच्छ र सफा पानीको प्रयोग गर्न,<br>• तयारी खाद्य पदार्थलाई छोपेर राख्न,<br>• पसलमा काम गर्दा एप्रोन, पन्जा, head gears को प्रयोग गर्न,<br>• काटेको फलफुललाई छोपेर राख्न,<br>• Fruit cuts, fruit chat बनाउन सफा पानीको प्रयोग गर्न। |
| १२ | हाइवे किङ्ग फाष्ट फुड एण्ड रेष्टुरेन्ट, धुनिबेसी-९, धादिङ्ग | • बफेट सिष्टममा तापक्रम सन्तुलन नगरेको पाइयो,<br>• सरसफाई सामान्य रहेको पाइयो। | • लेबल विवरण नभएको र खाद्य अनुमतिपत्र नलिएको खाद्य पदार्थको खरिद, बिक्रिवितरण तथा प्रयोग नगर्न,<br>• बफेट सिष्टममा खाद्य पदार्थ बिक्रि गर्दा सुरक्षित तापक्रममा राख्न,<br>• फ्रिजमा खाद्य पदार्थ भण्डारण गर्दा सधै छोपेर राख्न तथा काँचो र पाकेको खाद्य पदार्थ एक आपसमा सङ्क्रमण नहुने गरी राख्न। |

| | | | |
|---|---|---|---|
| १३ | हाइवे रेष्ट सेन्टर धुनिबेसी-८, धादिङ्ग | • फ्रिजको ढोका बिग्रिएको पाइयो,<br>• सरसफाईको अवस्था सन्तोषजनक रहेको पाइयो। | • फ्रिजमा खाद्य पदार्थ भण्डारण गर्दा सधै छोपेर राख्न तथा काँचो र पाकेको खाद्य पदार्थ एक आपसमा सङ्क्रमण नहुने गारि राख्न।<br>• लेबल विवरण नभएको र खाद्य अनुमतिपत्र नलिएको खाद्य पदार्थको खरिद, बिक्रिवितरण तथा प्रयोग नगर्न,<br>• बफेट सिष्टममा खाद्य पदार्थ बिक्रि गर्दा सुरक्षित तापक्रममा राख्न। |
| १४ | क्याफे हिमालय क्रिमा कफि, धुनिबेसी-९, धादिङ्ग | • म्याद गुज्रिएको kiwi fruit crush-१००० मि.लि. को १ थान पाइयो,<br>• क्याफेको सरसफाई तथा भण्डारण सामान्य रहेको पाइयो। | • लेबल विवरण नभएको र खाद्य अनुमतिपत्र नलिएको खाद्य पदार्थको खरिद, बिक्रिवितरण तथा प्रयोग नगर्न,<br>• म्याद गुज्रिएको kiwi fruit crush १ थान नष्ट गरियो। |
| १५ | न्यु बुटवल होटल, भरतपुर-२९, चितवन | • सरसफाईको अवस्था सन्तोषजनक भएको पाइयो। | • कीट नियन्त्रणको प्रभावकारी रुपमा कार्यान्वयन गर्न,<br>• पुर्ण लेबल विवरण भएका खाद्य पदार्थ मात्र खरिद, बिक्रि वितरण तथा प्रयोग गर्न,<br>• भान्सामा काम गर्ने कामदारलाई क्याप, मास्क तथा एप्रोनको व्यवस्था गर्न,<br>• खाद्य स्वच्छता कायम गर्ने निर्देशन दिइयो। |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

# धादिङ्गका हाईवेमा अवस्थित होटेल/रेष्टुरेन्टहरुको अनुगमनका केहि झलकहरु














नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौ

# मुग्लिङका होटेल रेष्टुरेन्टहरुको अनुगमनका केहि झलकहरु














